आज मिति २०७७ साल ४।६ गतेका दिन मार्गेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको बैठक मार्गेश्वर गाउँपालिकाका अध्यक्ष श्री कौशिला कुमारी भट्ट ज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रह्यो ।

उपस्थिति

- श्री कौशिला कुमारी भट्ट - अध्यक्ष
- श्री पद्म बहादुर बोहरा - उपाध्यक्ष
- श्री रूप सिंह ठकुराठी
- श्री राजेन्द्र बोहरा
- श्री राम बहादुर आहदी
- श्री रतन बहादुर विष्ट
- श्री बसन्तराज भट्ट
- श्री कल्पना सिर्कमी
- श्री बसन्ती ठकुराठी
- श्री मदना दमाई
- श्री सोनलाल दमाई
- श्री शिवे ओड
- श्री सुनिता सुनि
- श्री हर्ष बहादुर रोका - सदस्य सचिव

<u>प्रस्तावहरु</u>

१) गाउँपालिका वडा नं ४ को प्रशासनिक भवन निर्माण सम्बन्धमा
२) डिजिटल प्रोफाइल, आवधिक योजना, यातायात गुरुयोजना नि... सम्बन्धमा
३) विपद व्यवस्थापन समिति डडेल्धुरा बाट प्राप्त तारजाली विल...
४) बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट विनियोजन सम्बन्ध...
५) क्वारेन्टाइन रहेका विद्यालयहरुको भौतिक अवस्था अनुगमन ... गठन सम्बन्धमा
६) ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाको सम्पर्क व्यक्ति सम्बन्ध...
७) कर्मचारी करार सेवामा भर्ना सम्बन्धि
८) सडक सफाई सम्बन्धमा
९) उपभोक्ता समिति सम्बन्धी मापदण्ड सम्बन्धमा ।
१०) बाढी पहिरोबाट भएको क्षति अनुगमन समिति गठन सम्बन्धमा
११) महिला स्वयम सेविकाको प्रोत्साहन खर्च सम्बन्धमा
१२) खेलकुद विकास समिति सम्बन्धी कार्यविधि सम्बन्धमा

निर्णय ६८

निर्णय नं १ प्रस्ताव नं १मा छलफल गर्दा वडा नं ४को वडा कार्यालयको प्रशासनीक भवन निर्माण को जिम्मेवारी गाउँ कार्यपालिका को कार्यालयलाई दिने निर्णय सर्वसम्मतिले पारित गरियो।

निर्णय नं २ विकास निर्माणका लागी अति आवश्यक हुने तपसिलका विवरणहरु आवश्यक प्रकृया पुरागरी निर्माण गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई जिम्मेवार दिने निर्णय सर्वसम्मतले पारित गरियो।

1) डिजिटल प्रोफाइल
2) आवधिक योजना
3) यातायात गुरुयोजना

निर्णय नं ३ प्रस्ताव नं ५ मा छलफल गर्दा क्वारेन्टाइन रहेका विद्यालय हरुको भौतिक संरचनाहरुको अवस्था अनुगमन गरी भए गरेको क्षतिको प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो।

तपसिल

संयोजक :- श्री राम बहादुर शाही
सदस्य :- सम्बन्धित वडा को अध्यक्ष
सदस्य :- इन्जिनियर, मालिका गा.पा.
सदस्य :- शिक्षा अधिकृत मालिका गा.पा.

निर्णय नं. ४ कर्मचारी करार सेवामा भर्नाका विषयमा छलफल गर्दा आवश्यक प्रकृया अपनाई रिक्त रहेका तथा ~~[illegible]~~ गाउँ समावार कार्यक्रम अनुसार भर्ना गर्नुपर्ने जनशक्ति व्यवस्थापनका लागी गाउँ कार्यपालिकाको कार्यालयलाई ~~[illegible]~~ दिने निर्णय गरियो।

निर्णय नं ५ प्रस्ताव नं ८ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वर्षाको कारण अवरुद्ध रहेका सडकहरुलाई सुचारु रुपले संचालन गर्न का लागि एक महिनाका लागि JCB भाडा मा लिने र गाउँपालिकामा आफ्नै स्वामित्वको लागि ब्याक हो लोडर एक खरिद गर्ने प्रकृया अगाडी बढाउन गाउँ कार्यपालिका को कार्यालय लाई जिम्मेवारी दिने निर्णय सर्वसम्मतिले पारित गरियो।

निर्णय नं ६ (प्र.नं.७) बर्षात को कारण यस गा.पा. भित्र व्यक्तिगत था सार्वजनिक स्थानमा पहिरोले क्षति पुगाएको र संरक्षणका लागि तारजाली माग भएको विषयमा छलफल गर्दा रु १०,००,०००/- बराबर को तारजाली खरिद गरी कार्यालय बाट स्थलगत निरिक्षण गराई आवश्यकता का आधारमा तारजाली दिने र व्यक्तिगत तारजाली भरान को रकम स्वयम् व्यक्तिले र सार्वजनिक स्थानमा जाली भराइको रकम गा.पा.ले भुक्तानी गर्ने रु ५,००,०००/- विनियोजन गर्ने र सोको सर्वे जिम्मेवारी कार्यालयलाई दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं ७ उपभोक्ता समिति सम्बन्धि मापदण्ड र गाँउपालिका स्तरीय खेलकुद विकास समिति सम्बन्धि कार्यविधि २०७८ स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं ८ गत वर्षको जेहेन्दार छात्रवृत्ती प्रदान गर्नका लागि रु २,५०,०००/- नगद मौज्दात बाट दिने निर्णय गरियो

निर्णय नं ९ प्रस्ताव नं. ६मा छलफल गर्दा ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाको सम्पर्क व्यक्ति तोक्ने जिम्मेवारी पूर्वाधार विकास शाखा लाई दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

आज मिति २०७८ साल श्रावण २८ गतेका दिन भागेश्वर गाउँ कार्यपालिकाको बैठक भागेश्वर गाउँपालिकाका अध्यक्ष श्री कौशिला कुमारी भट्ट ज्यू को अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहयो

उपस्थिति

श्री कौशिला कुमारी भट्ट
श्री पम बहादुर बोहरा
श्री रुपसिंह ठकुराठी
श्री राजेन्द्र बोहरा
श्री राम बहादुर शाही
श्री रतन बहादुर विष्ट
श्री बसन्तराज भट्ट
श्री कल्पना सिकर्मी
श्री बसन्ती ठकुराठी
श्री मदना दमाई
श्री सोनलाल दमाई
श्री शिवे ओड
श्री सुनिता सुनी
श्री हर्ष बहादुर रोका - सदस्य सचिव

प्रस्ताव हरु

१. प्राविधिक कर्मचारी हरुको फिल्ड भत्ता सम्बन्धमा
२. ब्याकोहो लोडरको रकम भुक्तानी सम्बन्धमा

निर्णय हरु

निर्णय नं १ प्रस्ताव नं १ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत प्राविधिक कर्मचारी (इन्जिनियर, सब इन्जिनियर र अमिन सब इन्जिनियर, ड्राइभरको फिल्ड भत्ता तपसिल बमोजिम मासिक रुपमा लग बुक र टाइम सिट प्रमाणित गरी कन्टीजेन्सी खर्चबाट उपलब्ध गराउने निर्णय सर्व सम्मतिले पारित गरियो

तपसिल

१- इन्जिनियर
२- सब. इन्जिनियर
३- असिष्टेन्ट सब इन्जिनियर
४- हलुका सवारी चालक

निर्णय नं २ प्रस्ताव नं २ मा छलफल गर्दा भागेश्वर मा गा.पा.मा खरिदहुने ब्याकोहो लोडरको रकम गाँउ सभा बाट सडक सरसफाई शिर्षकमा विनियोजित रकम बाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

आज मिति २०७७ साल भाद्र गतेका दिन भागेश्वर गाँउपालिकाको गाउँ कार्यपालिकाको बैठक भागेश्वर गाँउपालिकाका अध्यक्ष श्री कौशिला कुमारी भट्ट को अध्यक्षतामा बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रह्यो ।

उपस्थिति

श्री कौशिला कुमारी भट्ट
श्री पम्म बहादुर बोहरा
श्री रुपसिंह ठकुराठी
श्री राजेन्द्र बोहरा
श्री राम बहादुर शाही
श्री रतन बहादुर विष्ट
श्री बसन्त राज भट्ट
श्री कल्पना सिकर्मी
बसन्ती श्री बसन्ती ठकुराठी
म ह ना श्री महना दमाई
श्री सोनलाल दमाई
श्री शिवे ओड
Sunita श्री सुनिता सुनी
श्री हर्क बहादुर रोका - सदस्य सचिव

प्रस्तावहरु

१- ब्याकोहो लोडर व्यवस्थापन तथा संचालन कार्यविधि सम्बन्धमा
२- सेवा सुविधा रकम भुक्तानी सम्बन्धमा
३- विविध

निर्णय नं १
भागेश्वर गाँउपालिकामा खरिद हुने ब्याकहो लोडरको संचालन तथा व्यवस्थापनको लागि तयार पारिएको ब्याकोहोलोडर व्यवस्थापन तथा संचालन कार्यविधि २०७७ स्वीकृति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं २
प्रस्ताव नं २मा छलफल गर्दा हाल सम्म संघ तथा प्रदेश सरकारबाट आ.व ०७७/७८ को राजश्व बाँडफाँडको रकम निकासा हुन नसकी जनप्रतिनि हरुको २०७६ कार्तिक देखि हाल सम्मको सेवा सुविधा भुक्तानी गर्नमा समस्या रहेकोले राजश्व बाँडफाँडको रकम प्राप्त भएपछि सोधभर्ना हुने गरी हाल लाई नगद मौज्दात कोषबाट रकम भुक्तानी गर्ने निर्णय पारित गरियो ।

आज मिति २०७८ साल भाद्र २८ गतेका दिन भागेश्वर गाउँपालिका गाउँ कार्यपालिका को बैठक भागेश्वर गाउँपालिकाका अध्यक्ष श्री कौशिला कुमारी भट्टज्यू को — अध्यक्षतामा बस्यो। बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रह्यो।

उपस्थिति

श्री कौशिला कुमारी भट्ट
श्री पद्म बहादुर बोहरा
श्री रुपसिंह ठकुराठी
श्री गजेन्द्र बोहरा
श्री राम बहादुर थापा
श्री रतन बहादुर बिष्ट
श्री बसन्त राज भट्ट
श्री कल्पना सिकर्मी
श्री बसन्ती ठकुराठी
श्री मदना दमाई
श्री सोनलाल दमाई
श्री शिव ओड
श्री सुनिता सुनी
श्री हर्ष बहादुर रोका

प्रस्तावहरु

१) आलुको बिउ वितरण (५०% अनुदान) का लागि थप रकम सम्बन्धमा
२) पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी योजना छनौट सम्बन्धमा
३) कोभिड-१९ अस्पताल व्यवस्थापन सम्बन्धमा
४) गाउँपालिका स्तरिय खेलकुद (खेलकुद सामाग्री) व्यवस्थापन सम्बन्धमा
५) गाउँपालिकाको लोगो छनौट सम्बन्धमा
६) खेलकुद मैदान सम्बन्धमा
७) संघ तथा प्रदेश सरकार मार्फत प्रदान गरिने समपुरक र विशेष अनुदानका लागि योजनाहरु छनौट सम्बन्धमा
८) सडक मर्मत सम्बन्धमा
९) विविध

निर्णयहरु

निर्णय नं १ प्रस्ताव नं १मा छलफल हुँदा ५०% अनुदानमा आलुबिउ वितरणका लागी गाँउ सभा बाट विनियोजित रकम बजार दर र कृषक बाट भएको माग मा भएको वृद्धिका कारण अपुग हुने भएको हुँदा रु २,००,०००।-(दुईलाख) सीपले कोष बाट खर्च गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

निर्णय नं २ प्रस्ताव नं २मा छलफल गर्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७७।५।०२ गतेको प्रकाशित सूचना अनुसार स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम अन्तर्गत — तपसिल बमोजिमका योजना छनौट गरी सम्बन्धित निकायमा पठाउने — निर्णय गरियो।

तपसिल

१ – गंगेश्वर मन्दिर धार्मिक तथा पर्यटन क्षेत्र संरक्षण भागेश्वर -३ दैलेख
२ - कमलताल संरक्षण तथा पर्यटकिय पूर्वाधार निर्माण भागेश्वर -४
३- सापल झर्ना संरक्षण तथा पर्यटकिय पूर्वाधार निर्माण भागेश्वर -१
४- भागेश्वर चुराक्षेत्र पर्यटकिय पूर्वाधार निर्माण भागेश्वर -५
५- जोगिनीजात्रा क्षेत्र विकास तथा पर्यटकिय पूर्वाधार निर्माण भागेश्वर -2

निर्णय नं ३ प्रस्ताव नं ३मा छलफल हुँदा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आर्थिक प्रशासन शाखा को प.सं ७७ च.नं २०७७।५।३३ गतेको पत्रानुसार स्थानीय तहमा कोभिड -१९ अस्थायी अस्पताल सँचालन सम्बन्धी मार्गदर्शन २०७७को कार्यविधि का दरबन्दीहरुको विज्ञापन गर्ने कार्य कार्यालय लाई जिम्मा दिने निर्णय गरियो साथै अस्पताल व्यवस्थापनको लागि रु २५,००,००० (पच्चिस लाख) प्रकोप व्यवस्थापन कोष बाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं ४ प्रस्ताव नं ४मा छलफल हुँदा गाँउपालिका स्तरीय खेलकुद विकास समिति गठनका विषयमा छलफल हुँदा तपसिल बमोजिमको पदाधिकारी रहने गरी गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो।

अध्यक्ष :- सामाजिक विकास समिति संयोजक
उपाध्यक्ष :- कार्यपालिका सदस्य - वसन्तराज भट्ट
सचिव :- शाखा प्रमुख - शिक्षा/~~युवा~~ खेलकुद विकास शाखा।
कोषाध्यक्ष :- कार्यपालिका सदस्य - वसन्ती ठकुराठी -
सदस्य :- जनक के.सी भागेश्वर -४
सदस्य :- निराजन गिरी भागेश्वर -2
सदस्य :- बसन्ती ठकुराठी भागेश्वर -५

मनी

निर्णय नं ५ गाउँपालिकाको मिति २०७६। गते प्रकाशित सूचना अनुसार पर्न आएका कोसो सम्बन्धी प्रस्तावहरु छनौट गरी सिफारिस गर्न कार्यपालिका सदस्य वसन्त राज भट्टको संयोजकत्वमा तपसिल बमोजिमको ३ सदस्यीय समिति गठन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

संयोजक - श्री वसन्तराज भट्ट
सदस्य - श्री राजेन्द्र बोहरा
सदस्य - श्री बसन्ती ठकुराठी

निर्णय नं ६ प्रस्ताव नं ६ मा छलफल गर्दा यस गा.पा. अन्तर्गत तपसिल बमोजिमका स्थानमा खेलकुद मैदान निर्माणका लागि स्थान छनौट गरी खेलमैदान निर्माणका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

तपसिल

| वडा नं. | स्थान |
|---|---|
| १ | चमलेक वडा नं १ |
| २ | अग्निग्राम मा.वि. रुपाल |
| ३ | दोहिमाण्डौ, वडा नं ३ |
| ४ | सिलेङ् खला, वडा नं ५ |

वडा नं ४ मा रहेको श्री कोट मा गाउँपालिका स्तरिय खेलकुद मैदान निर्माण गर्ने।

निर्णय नं ७ प्रस्ताव नं ७ मा छलफल गर्दा आ.व ०७७/७८ का लागि संघ तथा प्रदेश सरकारबाट समपुरक तथा विशेष अनुदानबाट संचालन हुने गरी तपसिल बमोजिमका योजनाहरु छनौट गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो।

निर्णय नं ८ गाउँपालिका स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन समितिको वार्षिक कार्ययोजना २०७७ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ९ प्रस्ताव नं ८ मा छलफल गर्दा वर्षातको समयमा गएको पहिरो को कारण क्षतिग्रस्त भएका सडक खण्डहरु मर्मतका लागि तपसिल बमोजिम को रकम मूल संचित कोषबाट भुक्तानी हुने गरी कार्य संचालन गर्ने निर्णय गरियो।

१- वगरकोट रुपालिगाड रुपाल सडक को रुपालिगाड सडक खण्डमा रु.५०००००
२- वगरकोट- भगेरवा-रुपाल सडकको पदेरा-बोगटा खण्डमा रु. ५००,०००।-

मह ना [signatures]

निर्णय नं. १० परस्पर सरुवा गरि पाऊँ भनी दिएको निवेदन उपर छलफल गर्दा श्री भागेश्वर आ.वि. लेकुडामा प्रा.वि. तहमा कार्यरत शिक्षक श्री डम्बर बहादुर बोहरा र नारायणी प्रा.वि. चुडीमा कार्यरत प्रा.वि. शिक्षक विष्णु कुमारी भट्ट जोशीले विद्यालय व्यवस्थापन समितिको निर्णय, विद्यालयको सिफारिश पत्र र दुवै शिक्षकको परस्पर सरुवाको सहमतिको आधारमा निज शिक्षकहरुको सरुवा गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ प्रस्ताव नं. ९ मा छलफल गर्दा तपशिल बमोजिमका योजना तथा कार्यक्रम र योजनामा देहाय बमोजिमको रकम विनियोजन गत वर्षको नगद मौज्दात बाट भुक्तानी गर्ने निर्णय गरियो ।

१- सामुदायिक भवन लासु मर्मत रु. १००,०००।-
२- खज्जर खेत सिंचाई कुलो रु. १००,०००।-
३- वडा नं. ५ को वडा कार्यालय मर्मत तथा व्यवस्थापन वडा कार्यालय रु. २००,०००।-
४- तुलसी देवी ठकुराठी भागेश्वर - १ बलडा रु. २०,०००।- आर्थिक सहायता
५- भिम जोशी भागेश्वर ४ लाम्कन रु २०,०००।- " "
६- ढपाल स्वास्थ्य चौकी खा.पा. रु. २,००,०००।-(दुई लाख)
७. वडा कार्यालयमा खानेपानी योजना ढपाल २ रु. २,००,००० (दुई लाख)
८- वडा नं. १ को वडा कार्यालय मर्मत व्यवस्थापन रु. २,००,०००।- दुई लाख ।

निर्णय नं. १२ कार्यक्रमको भागेश्वर खेलकुद विकास समिति मार्फत संचालन गर्ने निर्णय गरियो ।

आज मिति २०७८ साल असोज ४ गतेका दिन भागेश्वर गाउँपालिका को गाउँकार्यपालिकाको बैठक भागेश्वर गाउँपालिकाका अध्यक्ष कौशिला कुमारी भट्ट ज्यूको अध्यक्षतामा बस्यो बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रह्यो ।

उपस्थिति

श्री कौशिला कुमारी भट्ट -
श्री पद्म बहादुर बोहरा
श्री रूपसिंह ठकुराठी
श्री राजेन्द्र बोहरा
श्री राम बहादुर शाही
श्री रतन बहादुर विष्ट
श्री बसन्तराज भट्ट
श्री कल्पना सिकर्मी
श्री बसन्ती ठकुराठी
श्री मदना दमाई
श्री सोनलाल दमाई
श्री शिवे ओड
श्री सुनिता सुनी
श्री हर्ष बहादुर रोका -

प्रस्तावहरू

१) विद्युत विस्तार सम्बन्धमा

निर्णय नं १ प्रस्ताव नं १ मा छलफल गर्दा उज्यालो भागेश्वर कार्यक्रम अन्तर्गत भागेश्वर गा.पा.मा विद्युत सेवा नपुगेका वस्तीहरूमा विद्युत सेवा विस्तारका लागि पहिले प्राथमिकता दिने निर्णय गरियो ।

आज मिति २०७७ साल असोज २५ गतेका दिन भागेश्वर गाँउपालिका गाँउकार्यपालिकाको बैठक भागेश्वर गाँउपालिकाका अध्यक्ष श्री कौशिला कुमारी भट्ट्यू को अध्यक्षतामा बस्यो बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रह्यो।

उपस्थिति

श्री कौशिला कुमारी भट्ट
श्री पद्म बहादुर बोहरा
श्री स्रष्टि ठकुराठी
श्री राजेन्द्र बोहरा
श्री रतन बहादुर विष्ट
श्री बसन्तराज भट्ट
श्री कल्पना सिकर्मी
श्री बसन्ती ठकुराठी
श्री मदना दमाई
श्री सोनलाल दमाई
श्री शिवे औड
श्री सुनिता सुनी
श्री हर्ष बहादुर रोका
श्री राम बहादुर शाही

प्रस्तावहरु
१) शुभकामना आदान प्रदान
२) चाडपर्व तथा मेला सम्बन्धमा

निर्णयहरु
निर्णय नं १ प्रस्ताव नं. १ मा छलफल गर्दा विजया दशमी २०७७ को शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं २
प्रस्ताव नं २ मा छलफल गर्दा यस गाँउपालिका भित्र विभिन्न वडाहरुमा विभिन्न पर्वमा मेला भर्ने गरेको हुदा कोरोना भाइरस Covid-19 का कारण विश्व नै आक्रान्त अवस्थामा रहेको हुँदा सामाजिक दुरी तथा विश्वस्वास्थ्य संगठन (WHO) ले जारी गरेको स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई धार्मिक परम्परा अनुसार आफ्नो चाडपर्व तथा मेला भर्ने, सुरक्षित तरिकाले मनाउन सम्पूर्ण भागेश्वरवासी

महानुभावहरुलाई सम्बन्धित वडा मार्फत र संचार माध्यम द्वारा आह्वान
गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

आज मिति २०७७ साल कार्तिक ६ गतेका दिन भगेश्वर गाँउपालिकाको गाउँ कार्यपालिकाको बैठक भगेश्वर गाँउपालिकाका अध्यक्ष कौशिला कुमारी भट्ट ज्यूको अध्यक्षतामा बस्यो. बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहयो ।

उपस्थिति

श्री कौशिला कुमारी भट्ट
श्री पद्म बहादुर बोहरा
श्री रुपसिंह ठकुराठी
श्री राजेन्द्र बोहरा
श्री रतन बहादुर विष्ट
श्री बसन्त राज भट्ट
श्री कल्पना सिकर्मी
श्री बसन्ती ठकुराठी
श्री मदना दमाई
श्री सोनलाल दमाई
श्री शिवे ओड
श्री सुनीता सुनी
श्री हर्ष बहादुर रोका
श्री राम बहादुर धामी

प्रस्तावहरु

प्रस्ताव नं. १ सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट रुपालगाडलाई सहयोग सम्बन्धमा

निर्णय नं १ प्रस्ताव नं. १मा छलफल गर्दा यस गाँउपालिकाको वडा नं १ पतिउरमा स्थापना भएको सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउटपोष्ट व्यवस्थापनका लागि उक्त पोष्टको प.सं. ०७७/७८/१० मिति २०७७/०७/०२ गतेको पत्रद्वारा माग भएका विभिन्न कार्यक्रमका लागि आवश्यक सहयोगमा उक्त पोष्टमा तत्काल तपशिल बमोजिमका काम गर्न देहाय बमोजिमको लागत अनुमान तयार गरी निति नुसारका कार्यक्रममा सहयोग गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो। तपशिल काठको खटीया १० थान; कार्यालयको बोर्ड, सुरक्षार्थ २वटा प्रहरी बिट, सौचालय सोलार सेट २वटा साविक रुपालगाड जलविद्युत आयोजनाको भवनको झ्यालढोका मर्मत ।

प्रमाणित

आज मिति २०७७ साल कार्तिक २८ गतेका दिन भागेश्वर गाँउपालिकाको गाँउ कार्यपालिकाको बैठक भागेश्वर गाँउपालिकाका अध्यक्ष श्री कौशिला कुमारी भट्टज्यू को अध्यक्षतामा बैठक बस्यो बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहयो ।

उपस्थिति

श्री कौशिला कुमारी भट्ट
श्री पदम बहादुर बोहरा
श्री रुप सिंह ठकुराठी
श्री राजेन्द्र बोहरा
श्री राम बहादुर ~~वि~~ शाही
श्री रतन बहादुर विष्ट
श्री बसन्त राज भट्ट
श्री बसन्ती ठकुराठी
श्री सुनिता सुनी
श्री कल्पना सिकर्मी
श्री शिवे ओड
श्री सोनलाल दमाई
श्री मदना दमाई
श्री हर्क बहादुर रोका

प्रस्ताव नं १ धानाको रकम माग सम्बन्धमा
२. मिति २०७७।७।१४ गते प्रकाशित टेण्डर सम्बन्धी सूचना सम्बन्धमा
३. शिक्षक दरबन्दी मिलान समितिको मिति २०७७।७।२३ को निर्णय अनुमोदन

निर्णयहरु

नि. १ प्रस्ताव नं. १ मा छलफल हुँदा गत आ.व. मा संचालित सुरक्षीत नागरिक आवास कार्यक्रम अन्तर्गतको धाना मर्मतका लागि आवश्यक दोश्रो किस्ताको रकम हाल सम्म निकासा नभएको हुँदा सम्बन्धित निकायको दोश्रो ~~कि~~किस्ता निकासाका लागि लेखि पठाउने निर्णय गरियो ।

नि. २ प्रस्ताव नं २ मा छलफल गर्दा यस गाँउ कार्यपालिकाको कार्यालय बाट मिति २०७७।७।१४ गते प्रकाशित सूचना मा प्राविधिक त्रुटी भएकोले वडा कार्यालयको भवन निर्माणका लागि अर्को सूचना प्रकाशित नभए सम्मका लागि मिति २०७७।७।१४ गते प्रकाशित सूचनाको काम कारवाही स्थगित गर्ने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नं ३ मा छलफल गर्दा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समितिको मिति २०६६ कार्तिक २३ गतेको निर्णय नं १ बोवि २ सभाको निर्णय अनुमोदन गरी सोही अनुसार कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

आज मिति २०८०।०१।०२ गतेका दिन भगेश्वर गाउँपालिका गाउँ कार्यपालिका
को बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कौशिला कुमारी भट्ट ज्यूको अध्यक्षता
मा तपसिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति:

अध्यक्ष : श्री कौशिला कुमारी भट्ट
उपाध्यक्ष : श्री पद्म बहादुर बोहरा
वडा नं. १ वडाध्यक्ष : श्री रुप सिंह ठकुराठी
वडा नं. २ वडाध्यक्ष : श्री राजेन्द्र बोहरा
वडा नं. ३ वडाध्यक्ष : श्री राम बहादुर शाही
,, ,, ४ ,, : श्री रतन बहादुर विष्ट
,, ,, ५ ,, : श्री बसन्तराज भट्ट
कार्यपालिका सदस्य : श्री बसन्ती ठकुराठी
,, ,, : श्री सुनिता सुनी
,, ,, : श्री कल्पना सिलकर्मी
,, ,, : श्री मदना दमाइ
,, ,, : श्री शिवे औड
,, ,, : श्री सौनबाल दमाइ
सदस्य-सचिव : श्री हर्ष बहादुर रोका

निर्णयहरु :

निर्णय नं. १ :

प्रस्ताव नं. १ माथि छलफल गर्दा उच्च अदालत दिपायल, महेन्द्रनगरबाट भागेश्वर गाउँपालिकाको कार्यालय, अध्यक्ष, उपाध्यक्ष, ५ वटै वडाका वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतका नाउँमा मिति २०७७।०६।२१ र ०१।२८ मा जारी भएको सुचना म्याद सम्बन्धमा छलफल गर्दा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट सो सम्बन्धमा माग भएका कागजातहरु तयार गरि तोकिएको म्याद भित्र कानुन बमोजिम पेश गर्न यस कार्यालयका का.स. कृष्ण सिंह साउँदलाई वारेस तोकी पठाउने साथै आवश्यक कागजात, थैस्ता, प्रतिउत्तर तयारीका लागि कानुन व्यवसायी अधिवक्ता श्री नरेन्द्र रोकाया बाट सेवा परामर्श लिने निर्णय सबसम्मतिबाट पारित गरियो।

निर्णय नं. २ :

कोरोना संक्रमणकालमा अग्रपंक्तिमा रही स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउने यस गाउँपालिका अन्तर्गत रहेका महिला स्वास्थ्य स्वयं सेविकालाई चैत्र, बैशाख र जेष्ठ (आ.व. २०७६।०७७) महिनाको प्रतिमहिना रु. १५००।= (एकहजार पाँचसय) का दरले निर्वाह खर्च प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ३ :

यस भागेश्वर गाउँपालिका अन्तर्गत रहेको कोभिड अस्थायी अस्पतालमा कार्यरत मेडिकल अधिकृतलाई कोरोना संक्रमण कालमा रोकथाम, नियन्त्रण तथा व्यवस्थापन कार्यमा अग्रपंक्तिमा रही कामकाज गरि रहेकाले निजलाई प्रकोप व्यवस्थापन कोषबाट खर्च बेहोर्ने गरि १००% (तलब स्केलको) जोखिम भत्ता संक्रमण अवधीभर प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ४ :

भागेश्वर गाउँपालिका अन्तर्गत निर्मित आइसोलेसन वार्डको खानेपानी, घेरबार विद्युत, ग्रिल व्यवस्थापनका लागि प्राविधिक स्टिमेट गराइ प्रकोप व्यवस्थापन कोष बाट भुक्तानी हुने गरि कार्य संचालन गर्ने जिम्मेवारी गाउँपालिकाको कार्यालयलाई दिने निर्णय गरियो।

निर्णय नं. ५

आ. व. २०७७।०७८ का लागि सडक बोर्ड द्वारा विनियोजित रकमद्वारा बगरकोट - पैंढ्या सडक मा रहेको धामीगाउँ सडक - खण्ड मर्मत गर्ने निर्णय सर्वसम्मति द्वारा पारित गरियो।

बस-ती

भागेश्वर गाउँपालिकामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको लागि

आ.ब.२०७७।०७८ मा

सशर्त अनुदान मार्फत प्राप्त रकम रु. ३१,००,०००/-

**कार्यक्रमको बजेट तथा बाँडफाँड**

नयाँ लघु उद्यमी सिर्जना तर्फ :

| क्र.सं. | क्रियाकलापहरु | बजेट दायरा | बजेट रु. | कार्यक्रम सञ्चालन |
|---|---|---|---|---|
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | बढीमा ३ % - ३ % | ७४,४०० | सहजकर्ता मार्फत |
| २ | उद्यमशीलता विकास तालिम | (७ देखी ९) % - ९% | २,२३,२०० | सहजकर्ता मार्फत |
| ३ | वित्तिय सेवामा पहुँच | (३ देखि ४) % - ३ % | ७४,४०० | सहजकर्ता मार्फत |
| ४ | बजारीकरणमा सहयोग | (३ देखि ५) % - ३ % | ७४,४०० | सहजकर्ता मार्फत |
| ५ | प्राविधिक सिप विकास तालिम | (३५ देखि ४१) % - ३८ % | ९,४२,४०० | सेवा प्रदायक संस्था मार्फत |
| ६ | प्रविधि हस्तान्तरण | (१५ देखि १८) % - १८ % | ४,४६,४०० | स्थानिय तह आफैले |
| ७ | उद्यम विकास सहजकर्ता | (२४ देखि ३३) % - २६ % | ६,४४,८०० | स्थानिय तहले सेवा करार सम्झौता मार्फत |
| | **जम्मा** | **१०० %** | **२४,८०,०००** | |
| | **लघु उद्यमीको स्तरोन्नती तर्फ** | | | |
| १ | उद्यमीहरुको पुर्नताजगी तथा एडभान्स सिप विकास तालिम | १००% | ४,८०,००० | सेवा प्रदायक संस्था मार्फत |
| २ | कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण | १०० % | १,४०,००० | स्थानिय तह आफैले |
| | **कुल जम्मा** | | रु. ३१,००,००० | |

निर्णय नं. ६:

आ.व. २०७७।०७८ सशर्त तर्फ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तपसिल बमोजिमको बजेट बाँडफाँड स्वीकृत गरियो।

निर्णय नं. ७:

यस भागेश्वर गाउँपालिकाद्वारा आ.व. २०७७।०७८ देखि पानी परिक्षण ल्याब संचालन गरिएको हुँदा गाउँपालिका भित्र संचालनमा रहेका/संचालन हुने खानेपानी तथा सरसफाइ योजनाहरुको सम्भाव्यता अध्ययन, कार्यान्वयन-चरण र सम्पन्न पश्चात अनिवार्य रुपमा पानी परिक्षण गरेर कार्यान्वयन गर्ने र उक्त कार्यको लागि पानी परिक्षण शुल्क बापत रु. १००।= निर्धारण गर्ने निर्णय गरियो।

निर्णय नं. ८:

मिति २०७७ मंसीर २३ र २४ गते चितुवाको आक्रमणबाट ~~र~~ भागेश्वर गा.पा. वडा नं. १ मा मृत्यु भएका मृतक र वडा नं. ५ स्थित सिराउमा रुख ढलेर मृत्यु भएकी मृतकको शव पोष्टमार्टमका लागि डडेल्धुरा अस्पताल पुर्याउन र शवदाह स्थान सम्म पुर्याउन लागेको भुक्तानी खर्च रु. ६०,०००।= गाडी मालिक दिपकराज भट्टलाई अन्य भाडा शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ९:

आ.व. २०७६।०७७ मा स्वीकृत कार्यक्रम अन्तरगत एन.डि. प्रकाश आदर्श बस्ती निर्माण योजनाका लागि यस आ.व. २०७७।०७८ मा समपुरक कोष बाट थप रु. ३,५०,०००।= (तीन लाख पचास हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १०:

प्राथमिक तह कक्षा १-३ मा लागू गरिएको कक्षा १ को एकीकृत पाठ्यक्रम सम्बन्धी तालिम संचालन गर्नको लागि प्राथमिक शिक्षक तालिम कार्यक्रमको लागि विनियोजित रकम कक्षा १ को एकीकृत पाठ्यक्रम तालिम कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. ११:

नेपाल सरकार आ.व. २०७७।०७८ अन्तरगत शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका ८ क्रियाकलाप नं. ११.१.२.१ विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानको ४ कोठे विद्यालय भवन निर्माण (फर्निचर सहित) कार्यक्रमलाई संशोधन गरि २ कोठे भवन (फर्निचर सहित) निर्माण गर्ने गरि २वटा विद्यालयमा बाँडफाँड गर्ने निर्णय गरियो।

निर्णय नं. १२

यस गाउँपालिकाको कार्यालयमा आर्थिक सहायता सम्बन्धी निवेदन उपर छलफल गर्दा तपसिल बमोजिम आर्थिक सहायता नगद मौज्दातबाट भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.सं. | नाम, थर | ठेगाना | विवरण | रकम |
|---|---|---|---|---|
| १- | राम सिंह जोरा | वडा नं. १ | | १०,०००।- |
| २- | अमर पुन | वडा नं. ५ | | १०,०००।- |
| ३- | जयराम रावल | वडा नं. ४ | | २०,०००।- |
| ४- | काली सिंह ठकुराठी | वडा नं. ४ किमौला | | २०,०००।- |
| ५- | गगन ठकुराठी | वडा नं. १ | | १०,०००।- |
| ६- | विर सिंह चाड | वडा नं. १ | | १०,०००।- |
| ७- | मोज ब. ठकुराठी | वडा नं. १ | आगलागी | १५,०००।- |
| ८- | ~~[illegible]~~ मानु ब. ठकुराठी | वडा नं. १ | | १०,०००।- |
| ९- | सुशिला देवी भट्ट | वडा नं. ४ | | १०,०००।- |
| १०- | अजय दमाइ | वडा नं. २ | | १०,०००।- |
| ११- | ~~[illegible]~~ सरस्वती ओड | वडा नं. ३ | | ८,०००।- |
| १२- | नरेन्द्र ओड | वडा नं. ३ | | ८,०००।- |
| १३- | टेकराज पन्त | वडा नं. ३ | | ८,०००।- |
| १४- | मनोज ठकुराठी | वडा नं. १ | | ८,०००।- |
| १५- | हर्के ओड | वडा नं. ३ | | ८,०००।- |
| १६- | करन पार्की | वडा नं. २ | | ८,०००।- |
| १७- | राजेन्द्र दमाइ | वडा नं. १ | | १५,०००।- |
| १८- | कमल सिंह ठकुराठी | वडा नं. ४ | | ८०००।- |
| | नाकु देवी बोहरा | वडा नं. ४ | | १०,०००।- |

निर्णय नं. १३

कोरोना संक्रमण कालमा क्वारेन्टाइन व्यवस्थापनका लागि प्रयोग भएका तपसिल बमोजिमका विद्यालयहरुमा मर्मत सम्भारका लागि देहाय बमोजिमको रकम प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल

१- सरस्वती मा.वि., बौगाद - रु. १,५००००।-
२- आश्रम मा.वि., खपाल - रु. १,५०,०००।-
३- गोविन्दपुरी मा.वि. लामिकाडे - रु. १,००,०००।-
४- सरस्वती मा.वि., लोकम - रु. १,००,०००।-
५- कैलपाल मा.वि., पन्युट - रु. १,००,०००।-
६- सानेश्वर आ.वि., सातिगाउँ - रु. ५०,०००।-

७ - शारदा प्रा.वि., खिराउ - २०,०००।=

८ - नमुना प्रा.वि., वगरकोट - २०,०००।=

९ - सरस्वती प्रा.वि., पिडाखाउ - १५,०००।=

आज मिति २०७८।३।२८ गतेका दिन भगेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष श्री कौशिला कुमारी भट्ट ज्यूको अध्यक्षता बारी तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति:

| | | |
|---|---|---|
| [signature] | अध्यक्ष | श्री कौशिला कुमारी भट्ट |
| [signature] | उपाध्यक्ष | श्री पद्म बहादुर बोहरा |
| [signature] | वडा नं. १ वडाध्यक्ष | श्री रुप सिंह ठकुराठी |
| [signature] | वडा नं. २ वडाध्यक्ष | श्री राजेन्द्र बोहरा |
| [signature] | वडा नं. ३ वडाध्यक्ष | श्री राम बहादुर शाही |
| | वडा नं. ४ वडाध्यक्ष | श्री रतन बहादुर बिष्ट |
| [signature] | वडा नं. ५ वडाध्यक्ष | श्री बसन्तराज भट्ट |
| बसन्ती | कार्यपालिका सदस्य | श्री बसन्ती ठकुराठी |
| Sunita | ,, ,, | श्री सुनिता सुनी |
| [signature] | ,, ,, | श्री कल्पना सिकर्मी |
| म हनी | ,, ,, | श्री मदना दमाई |
| [signature] | ,, ,, | श्री छिवे ओड |
| [signature] | ,, ,, | श्री सोतलाल दमाई |
| | सदस्य - सचिव | श्री हर्ष बहादुर रोका |

निर्णयहरु

निर्णय नं.१: आ.व. २०७७/०७८ को संघीय सरकारको सशर्त अनुदान तर्फको नागरिक आरोग्य केन्द्र स्थापना तथा गाउँघर क्लिनिक संचालनका लागि भागेश्वर गा.पा. वडा नं. ४ मा नागरिक आरोग्य केन्द्र स्थापना गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

निर्णय नं.२:

यस भागेश्वर गा.पा. अन्तर्गत आ.व. २०७८/०७९ मा निर्माण हुने १० शैय्याको अस्पताल निर्माणका लागि आवश्यक जग्गा प्राप्ती (मापदण्ड बमोजिम) का लागि १५ दिने सार्वजनिक सुचना प्रकाशन गरि त्यस पश्चात स्थान छनौट गर्ने निर्णय गरियो।

निर्णय नं.३

यस भागेश्वर गा.पा. अन्तर्गत संचालित कोभिड-१९ अस्थायी अस्पतालमा रहेका कर्मचारीहरुलाई साविककै सेवा सुविधा प्रदान गर्ने गरि आ.व. २०७७/०७८ (असार मसान्त सम्म) निरन्तरता दिने निर्णय गरियो।

निर्णय नं.४

आ.व. २०७७/०७८ को विद्यालय अनुदान शिर्षकबाट तपसिल बमोजिमका विद्यालयहरुलाई देहाय बमोजिमको अनुदान प्रदान गर्ने निर्णय गरियो।

तपसिल:

१) श्री डम्बरपुर प्रा.वि. चौड (वडा नं. ४) - रु. २,००,०००/=

२) श्री पशुपति आ.वि. बलडा (वडा नं.१) - रु. १,००,०००/=

निर्णय नं.५

सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गत स्वास्थ्य कार्यालय डडेल्धुरा मार्फत निर्माण सामुदायिक स्वास्थ्य इकाइ- लामीकडेको भवन स्थान- लामीकाडे आयुर्वेद औषधालयको जग्गामा निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं.६

भागेश्वर गा.पा.को आठौं गाउँसभा २०७७ माघ १४ गतेबाट संचालन गर्ने निर्णय सर्वसम्मति द्वारा पारित गरियो।

निर्णय नं. ७ : बहुक्षेत्रीय पोषण योजना कार्यक्रम संचालनका लागि समपुरक कोषबाट रु. १०,००,०००।-(दश लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ८ : आ. व. २०७८।०७९ मा संचालन हुने संघीय सरकार तथा प्रदेश सरकारको समपुरक तथा विशेष अनुदानका लागि तपसिल बमोजिमका योजना छनौट गरि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो।

संघीय सरकार समपुरक अनुदान तर्फ :

१) बगरकोट - बैगदा - नामेकाडे - छिना हुदै रुपालगाड - सिराड सडक स्तरोन्नती
२) वडा नं. १ को कार्यालय भवन
३) वडा नं. ५ को कार्यालय भवन

विशेष अनुदान तर्फ

१) एकीकृत मातृ शिशु तथा किशोरीहरुको पोषण अवस्था सुधारका लागि MSNP
२) एकीकृत मातृ तथा नवशिशु स्याहार कार्यक्रम
३) कर्मचारी आवास (बगरकोट स्वास्थ्य चौकी)
४) गोविन्दपुरी मा. वि. नामेकाडे ४ कोठे भवन
५) आधारभुत तहका लागि आइ.सि.टि. व्यवस्थापन
६) स्मार्ट राम्रो मिलेज कार्यक्रम
७) दुधमा आत्मनिर्भरताका लागि डेरी प्रवर्द्धन कार्यक्रम

प्रदेश सरकार

समपुरक अनुदान तर्फ : (१) वडा नं. १ को कार्यालय भवन
(२) वडा नं. ५ को कार्यालय भवन
(३) चुल्ल सिराड सडक

विशेष अनुदान तर्फ :

(१) गाउपालिका स्तरीय खेल मैदान निर्माण
(२) चमालेक खेलमैदान निर्माण
(३) सिलिंगा कोटेवडा उकल्लेक कृषि सडक
(४) जमाड सिंचाइ कुलो निर्माण
(५) सिराड, पानेकट बर्थिङ सेन्टर निर्माण
(६) गुणस्तरीय स्वास्थ्य सेवाका लागि स्वास्थ्य संस्था सुदृढीकरण कार्यक्रम
(७) स्थानीय तहमा एकीकृत रुपमा प्रशासन सुदृढीकरण सम्बन्धी तालिम
(८) मासुमा आत्मनिर्भरताका लागि बाख्रापालन प्रवर्द्धन कार्यक्रम
(९) अण्डामा आत्मनिर्भरताका लागि कुखुरा पालन प्रवर्द्धन कार्यक्रम
(१०) प्रांगारिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम
(११) सरस्वती मा. वि. लाक्म विज्ञान प्रयोगशाला निर्माण
(१२) विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम
(१३) कैलपाल मा. वि. पानेकट विद्यालय भवन तथा घेरबार
(१४) साना सिंचाइ निर्माण तथा मर्मत कार्यक्रम

आज मिति २०७८साल माघ १४ गतेका दिन भागेश्वर गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष श्री कौशिला कुमारी भट्टज्यू को अध्यक्षतामा बस्यो बैठक को उपस्थिति र निर्णय देहाय बमोजिम रह्यो ।

उपस्थिति

- श्री कौशिला कुमारी भट्ट -
- श्री पम बहादुर बोहरा -
- श्री रुप सिंह ठकुराठी -
- श्री राजेन्द्र बोहरा -
- श्री राम बहादुर शाही -
- श्री रतन बहादुर बिष्ट -
- श्री बसन्तराज भट्ट -
- श्री बसन्ती ठकुराठी -
- श्री सुनिता सुनी -
- श्री कल्पना सिकर्मी -
- श्री मदना दमाई -
- श्री शिवे ओड -
- श्री सोनलाल दमाई -
- श्री हर्ष बहादुर रोका -

प्रस्तावहरु

१) आ.व.२०७८।०७९ को अर्धवार्षिक खर्च अनुमोदन सम्बन्धमा
२) ऐन नियम अनुमोदन सम्बन्धमा
३) रकमान्तर सम्बन्धमा
४) प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना सम्बन्धमा
५) योजना संशोधन सम्बन्धमा
६) कोभिड १९ ल्याब स्थापनाका लागि जिल्ला अस्पताल डडेल्धुरालाई सहयोग सम्बन्धमा
७) १० शैया अस्पताल सम्बन्धमा
८) मतदान केन्द्र थप सम्बन्धमा
९) मर्मत सम्भार कोष
१०) खाता संचालन

निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं १मा छलफल गर्दा भागेश्वर गाउपालिकाको आ.व. २०७७/०७८ को श्रावण १ गते देखि २०७७ पुस मसान्त सम्मु तपसिलको चालु र पुजिगत खर्च शीर्षक मा भएको खर्चको अर्धवार्षिक समिक्षा पेश गरि खर्च तथा आय ~~पेश~~ अनुमोद गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

निर्णय नं २ प्रस्ताव नं २मा छलफल गरी तपसिल वमोजिमका ऐन नियम स्वीकृत गरी अनुमोदनका लागि गाँउसभामा लैजाने निर्णय गरियो।

तपसिल

१) भागेश्वर गाउपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधी 2066

२) भागेश्वर गाउपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन-२०७७

निर्णय नं ३ प्रस्ताव नं. ३मा छलफल हुदा आ.व. २०७७/०७८ को स्वीकृत वजेट अन्तगत चालु र पुजिगत शीर्षकहरुमा तपसील वमोजिमको रकम मा रकमान्तर गरी अनुमोदनका लागि गाँउ सभामा लैजाने निर्णय गरियो।

तपसिल

१- गाउपालिकाको प्रशासनीय भवन निर्माण - १- समपुरक कोष रु. ४०,०००७/-

२-

निर्णय नं ४:- गाँउपालिकाको संचित कोषको मौज्दात रकम वाट तपसिल वमोजिमका योजना मा र कार्यक्रम मा विनियोजन गर्ने निर्णय गरियो।

सडक सफाईका २० लाख, न्यायिक समिति ६ लाख, पशु सेवा कार्यक्रम २३ लाख, खोच सिचाई १लाख पिजाद मन्दीर ४ २लाख, कर्लेमन्डौर-२ २लाख रन्चुला सडक कुलो मर्मत-२ ३लाख

निर्णय नं ४ प्रस्ताव नं ६मा छलफल गर्दा जिल्ला अस्पताल डडेल्धुरालाई कोभिड-१९ ल्याव स्थापनाका लागि सहयोग स्वरुप रु १०,००,०००/- दश लाख गत वर्षको वैक मौज्दात संचित रकम वाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

निर्णय नं ५ प्रस्ताव नं ८मा छलफल गर्दा यस गाँउपालिका अन्तरगत वडा नं. २को लेकुडा क्षेत्र का बासिन्दाहरुलाई मतदान गर्न ४।५ घण्टा पैदल आई रुपाल स्वास्थ्य चौकीमा मतदान गर्न समस्या रहेकोहुदा उक्त क्षेत्रका मतदाताहरुलाई श्री भागेश्वर आ.वि. लेकुडामा मतदान स्थल कायमका लागि जिल्ला निर्वाचन कार्यालय मार्फत सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो।

निर्णय नं ६ प्रस्ताव नं ९मा छलफल गर्दा मर्मत सम्भार कोषमा गतवर्षको वैकमौज्दात वाट रु ४०,००,०००/- चालिस लाख विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं ७ प्रस्ताव नं. १०मा छलफल गर्दा भागेश्वर गा.पा.को स्वीकृत दरवन्दी अनुसार लेखापालको दरवन्दी रहेको र माग आकृति गरी पदपूर्तिका लागि लोकसेवा आयोगमा लेखी पठाइएकोमा पदपूर्ति नभई लेखाको कामकाज गर्न समस्या रहेको हुदा हालसम्म संघीय सरकार कोष तथा लेखा नियन्त्रण कार्यालय को सहयोगमा कामकाज गरी आएकोमा हाल उक्त कर्मचारी यस गा.पा. मा प्रयाप्त ~~समय~~ समय दिन नसक्ने अवस्था रहेको र ~~यस~~ गा.पा.मा

आ.ले.प. पाँचौको पदपूर्ति भरको हुँदा आलेप को नाममा खाता संचालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ६ प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व.०७६/७८ मा संचालन प्रधानमन्त्री रोजगार कार्यक्रम वारुआँगाउँसभा वाट पारित प्रधानमन्त्री कार्यक्रमका योजना यथावत राखी थप रूपमा वार तपसील बमोजिमको योजना थप्ने ।

तपसिल

१- सभाहल निर्माण वडा नं १
२- वयलवार देखी गर्गक्षेत्र नाली निर्माण
३- वडा नं १ को कार्यालय देखि लिम सम्म नाली निर्माण
४- ढिंडा देखी वलडा सम्म नाली निर्माण
५- मुहराडा खोला दुनी सडक नाली निर्माण
६- वडा कार्यालय माथि गोरील देवता, कालीसैनी देवता, भगवती मन्दिर घेरवार
७- सेलहुडा देखी सुकालीखेत समानिया घोरेटो बाटो
८- रुद्रेश्वर महादेव मन्दिर घेरवार
९- गोरख मन्दिर वलडा घेरवार

वडा नं २

१- सतरखण्ड सिंचाई कुलो निर्माण
२- लेकुडा दरी मरेला सडक निर्माण
३- मोतडो जमाड घोरेटो बाटो निर्माण
४- तिखवा खेत जोगने सिंचाई कुलो
५- कुडा खोला वरा सिंचाई कुलो
६- भारीगाउ सौकंडे घोरेटो बाटो
७- सिलंगा कोटउडा सडक निर्माण
८- सलकुडा-कमेड-सुनिगर-उकल्लो घोरेटो बाटो

वडा नं ३

१- लामिकाँडे देखि वासखाली गोरेटो बाटो निर्माण।
२- लामिकाँडे देखि मड सम्म गोरेटो बाटो निर्माण।
३- लेयम नानीगाड गोरेटो बाटो निर्माण
४- काकडी धार देखि मल्लागाउ सम्म बाटो निर्माण
५- सेमुनी मन्दिर घेरवार
६- मंगलेश्वर मन्दिर पर्खाल निर्माण
७- गोविन्दपुरी मा.वि. खेलमैदान निर्माण

वडा नं ४

१- धामीगाउ दोखे भुइसुडे सम्म गोरेटो बाटो निर्माण
२- दिमोला पिपल दोभे पहड बाटो डुई खाली सम्म गोरेटो बाटो
३- किमोला चौतारो र तल्लो किमोला गोरेटो बाटो
४- कुरगापला सेरा सिन्चाई कुलो
५- वनडुन पटेर सेराखेत सिन्चाई कुलो निर्माण
६- बडुवा सिन्चाई कुलो

वडा नं ५

१- चुल्ला सिराड सडक
२- कुर्ले सुगी पोखरी सडक
३- मल्लो डाडुथली सिन्चाई निर्माण
४- चुल्लडी सिराड गोरेटो बाटो (शारदा मा·वि·थियो)
५- पगाउ चौतारा निर्माण
६- चुल्ला सिन्चाई

निर्णय नं १ प्रस्ताव नं ५ मा छलफल गर्दा सातौ गाउसभाबाट छनौट भएका योज~~ना~~ तथा कार्यक्रम तपसिल बमोजिम संसोधन गर्ने गाउपालिका लगायत निर्णय सर्वसम्मतिले पारित गरियो।

योजनाको सविकको नाम | संसोधन गनुपर्ने
---|---
१- अमनि पोखरी निर्माण वडा नं ४ | - अमनी सिचाई मर्मत
२- खजरखेत सिचाई कुलो वडा नं ४ | - खजर खेत मोटरद्वारा सिचाई
३- गाउपालिका स्तरीय खेल मैदान | - खेल मैदान श्रीकोट - वडा नं ४
४- भदेली सडक निर्माण वडा नं ५ | - करलै देवता मन्दीर निर्माण वडा

५- ~~सु~~· सन्वाला सिचाई कुलो मर्मत, गल्ला सिलडे सिचाई पोखरी ३· पाइप खरीद वडा नं· ३

योजनाको सविकको नाम | संसोधन गनुपर्ने
---|---
६- विशाकुलो सिचाई कुलो वडा नं·१ | - लायठेक कृष्णमन्दीर शौचालय वडा
७· राष्ट्रपति रनिङ शिल्ड · | - शिक्षातर्फ विविध कार्यक्रम
८- माटो सुधारको वालिको पकेट स्थापना कार्यक्रम | १ → जलवायु अनुकूलन कृषि प्रविधि सिकाइ
 | २ → ५०% अनुदान मसलवाली बिउवितरण १५ / १५० / ३००

निर्णय १० :- भागेश्वर गाउँपालिकाको आन्तरिक स्रोत न्यून भएका कारण आर्थिक सहायता बन्द गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो

निर्णय नं ११ :- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत संचालित हुने चुडी सडक विविध परिस्थितिका कारण हाल संचालन हुन नसक्ने अवस्था रहेको हुँदा उक्त योजनाको नाम संशोधन गरी कुरेली-शिर्षनी सडक वडा नं ४ संशोधन गरी काम संचालनका लागि आवश्यक सहयोग गरिदिनु हुन सम्बन्धित निकायमा लेखिपठाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

आज मिति २०७७ साल फाल्गुन २१ गतेका दिन भागेश्वर गाउँकार्यपालिका को बैठक गाउँपालिकाका अध्यक्ष श्री कौशिला कुमारी भट्ट ज्यू को अध्यक्षता बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रह्यो ।

उपस्थिति

| | | |
|---|---|---|
| | श्री कौशिला कुमारी भट्ट | - अध्यक्ष |
| | श्री पद्म बहादुर बोहरा | - उपाध्यक्ष |
| | श्री रुपसिंह ठकुराठी | - कार्यपालिका सदस्य |
| | श्री राजेन्द्र बोहरा | - " " |
| | श्री राम बहादुर थापा | - " " |
| | श्री रतन सिंह बहादुर विष्ट | - " " |
| | श्री बसन्त राज भट्ट | - " " |
| म.हना | श्री मदना दमाई | - " " |
| वसन्ती | श्री बसन्ती ठकुराठी | - " " |
| | श्री सोनलाल दमाई | - " " |
| | श्री शिवे ओड | - " " |
| | श्री ~~[illegible]~~ सुनिता सुनार | - " " |
| | श्री कल्पना सिकर्मी | - " " |
| | श्री हर्ष बहादुर रोका | - |

प्रस्ताव हरु

१) १० शैयाको अस्पताल निर्माण सम्बन्धमा
२) कक्षा थप को अनुमती सम्बन्धमा
३) शिक्षण सिकाइ अनुदान सम्बन्धमा
४) राष्ट्रिय परिचयपत्र तथा पंजिकरण शिविरमा भएको खर्च सम्बन्धमा
५) विविध
  १) भुमि सम्बन्धी समस्या समाधान आयोग को काम प्रारम्भ सम्बन्धमा

निर्णय नं. १ प्रस्ताव नं. १ मा छलफल गर्दा भागेश्वर गाउँपालिका अन्तर्गत स्थापना हुने १० सैयाको अस्पताल निर्माणका लागि भागेश्वर गा.पा. वडा नं. ३ मा रहेको रुपाल स्वास्थ्य चौकीको स्तरोन्नती गरी १० शैयाको अस्पताल स्थापना गर्ने निर्णय सर्व सम्मतिले पारित गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ मा छलफल गर्दा तपसिल बमोजिमका विद्यालय लाई थप कक्षा संचालनका लागि अनुमति दिने निर्णय गरियो ।

१) नमुना प्राथमिक विद्यालय, भागेश्वर-४ पारखेट - कक्षा ५ को अनुमती

२) ज्ञानकुन्ज एकेडेमी भागेश्वर गा.पा.-२ रुपाल - कक्षा ५ को अनुमती

निर्णय नं. ३ प्रस्ताव नं. ३ मा छलफल गर्दा शिक्षण शिकाई अनुदान निर्देशिका बमोजिम तपसिलका विद्यालय लाई अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

१) कैलपाल मा.वि. पनिउर

२) कैलपाल देवल मा.वि. पत्राम

३) शिवशंकर मा.वि. रुपालिगाड

४) भागेश्वर आ.वि. चूल्ल र भागेश्वर आधारभूत विद्यालय लेखुडा

५) उमामुकेश्वर आधारभूत विद्यालय जानिगाड

६) कैलपाल आधारभूत विद्यालय न्यालेक

७) इश्वाहिनी आ.वि. कुर्ता

८) ~~भागेश्वर आ.वि. चुल्ल~~

निर्णय नं. ४ प्रस्ताव नं. ४ मा छलफल गर्दा राष्ट्रिय परिचयपत्र संचालनमा भएको व्यवस्थापन खर्च वडा कार्यालयबाट माग गरे आगामी बैठक पेश गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५ भुमी सम्बन्धी समस्या समाधान आयोग गठन आदेश २०७६ बमोजिम भुमिहिन सुकुम्बासी लाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासी लाई व्यवस्थापन गर्नका लागि भुमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश २०७६ र प्रचलित कानुन बमोजिम काम काज संचालन गर्ने निर्णय सर्व सम्मतिले पारित गरियो ।

निर्णय नं. ६ गा.पा. तथा वडा कार्यालय, स्वास्थ्य संस्था मा इन्टरनेट व्यवस्था पर्नका लागि नेपाल टेलिकमको लिज लाइन जडान गर्ने र सो मा लाग्ने खर्च चालु तर्फको संचार तथा अपरेसन आउने शीर्षकबाट दिने निर्णय गरियो ।

निर्णय नं. ७ स्वायल सिमेन्ट टंकी निर्माणका लागि आन्तरिक आय शीर्षक बाट रु ३,००,०००।- तीन लाख रकम विनियोजन गर्ने निर्णय गरियो

निर्णय नं ८ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामकाज गर्ने कर्मचारी लाई फिल्डमा कामकाजमा खटाउदा खर्च गरेको कर्मचारी लाई वास्तविक कामको आधारमा नियमानुसार भ्रमण खर्च दिने निर्णय सर्व सम्मतिले पारित गरियो।

निर्णय नं ९ यस गाउपालिका अन्तर्गत तपसिल बमोजिमको सडकमा अस्थायी रोड परमिट का लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

तपसिल

१ - वगरकोट - सिराड - रुपालिगाड - रुपाल सडकको वगरकोट देखि भागेश्वर गा.पा. १ बस्नेडु

२ - वगरकोट - भागेश्वर - रुपाल सडकको वगरकोट बोगटा नामिकाण्डे सम्मको सडक

३ - वगरकोट स्वाल देहिमाण्डौ सर्माली सडकको स्वाल राड्डि सम्मको सडक

निर्णय नं १० प्रहरी चौकी हरुलाई वडा दशैंको खर्च स्वरुप भएको तपसिल बमोजिमको खर्च रकम चालु खर्चको विविध शीर्षक बाट भुक्तानी गर्ने निर्णय सर्व सम्मतिले निर्णय गरियो।

तपसिल

१ - प्रहरी चौकी वगरकोट रु १०,०००।-

२ - प्रहरी चौकी रुपाल रु १०,०००।-

३ - प्रहरी चौकी नामिकाण्डे रु १०,०००।-

४ - सशस्त्र प्रहरी चौकी रुपालिगाड रु १५०,००।-

निर्णय नं. ११ यस भागेश्वर गा.पा.को स्वीकृत दरबन्दी अनुशार लेखापालको दरबन्दी रहेको र माग आकृती भरी पदपूर्तिका लागी लोक सेवा आयोगमा लेखी पठाएकोमा पदपूर्ति नभई लेखाको कामकाज गर्न समस्या रहेको हुदा हाल सम्म उक्त कर्मचारी यस गा.पा. मा पर्याप्त समय दिन नसक्ने अवस्था रहेको र यस गा.पा मा अ.ले.प सहायक पाँचौंको पदपूर्ति भएको हुदा अ.ले.प को नाममा खाता संचालनका लागी सहिछाप गराईला तथा सामान्य प्रशासन मन्त्रालय र कोष तथा लेखा नियन्त्रकको कार्यालय डडेलधुरा लाई अनुरोध गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

निर्णय नं १२ रकम अभावका कारण सम्पन्न हुन नसकी अधुरा रहेका तपसिल बमोजिमका योजना हरुमा हरुमा भागेश्वर गाँउपालिकाको आन्तरिक श्रोत बाट भुक्तानी हुने गरी निम्न बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो।

१- सान सिचाई पोखरी वडा नं ४ रु १,००,०००/- एक लाख
२- लायदेङ सामुदायिक भवन - वडा नं १ रु १,००,०००/- एक लाख
३- घट्टेकुलो सिचाई मर्मत वडा नं ४ रु १,००,०००/- एक लाख
४- देहिमाण्डौ राडिल खानेपानी वडा नं ३ रु १,००,०००/- एक लाख
५- बैतालमन्दीर पर्खाल निर्माण वडगाँउ वडा नं ३ रु १,००,०००/- एक लाख
६- धवल थान ज्वालो निर्माण वडा नं ५ सिराड रु १,००,०००/- एक लाख

निर्णय नं १३ यस भागेश्वर गाँउपालिका अन्तर्गत तपसील बमोजिमका परामर्श सेवा नियमानुसार संचालन गर्न गाँउ कार्यपालिकाको कार्यालयलाई लाई जिम्मा दिने र सो को रकम चालु तर्फको सेवा परामर्श शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल

१) प्रारम्भिक वातावरणीय परिक्षण
- चुल्लीगाड डोरीखोला नदीजन्य पदार्थ उत्खनन तथा संकलन
- साउल झर्ना पर्यटकीय पूर्वाधार निर्माण
- पर्छैटा - राडिल खोला नदीजन्य पदार्थ उत्खनन तथा संकलन
- चुल्ले चौड चिरबिट्टे सडक निर्माण
- मेल्टा - आर्कुडा वडा नं-३ कार्यालय जोड्ने सडक

२- १० शैयाको अस्पताल निर्माण डि.पी.आर
३- भागेश्वर धुराको धार्मिक पर्यटकीय गुरुयोजना
४- साउल झर्ना पर्यटकीय गुरुयोजना
५- भागेश्वर गाउपालिकाको यातायात गुरुयोजना
६- बगरकोट - भागेश्वर - लामिकाडे - खपाल सडक डि.पि.आर.
७- उद्योग ग्राम को डि.पि.आर निर्माण

निर्णय नं १४ यस गाउपालिकामा कर्मचारी पदपूर्ति नभएकोले कामकाजमा समस्या रहेको हुदा तपसील बमोजिमका कर्मचारी हरुलाई वडा सचिव को जिम्मेवारी दिई कामकाज गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो।

१- पदम नाथ
२- यादव सिं भाट
३- हरी प्रसाद पाण्डेय

आज मिति २०७८ साल चैत्र २४ गतेका दिन भागेश्वर गाउँ कार्यपालिकाको बैठक भागेश्वर गाउपालिकाका अध्यक्ष श्री कौशिला कुमारी भट्ट ज्यू को अध्यक्षतामा बस्यो बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रह्यो ।

उपस्थिति

श्री कौशिला कुमारी भट्ट
श्री पम बहादुर बोहरा
श्री रुप सिंह ठकुराठी
श्री राजेन्द्र बोहरा
श्री राम बहादुर शाही
श्री रतन बहादुर विष्ट
श्री बसन्तराज भट्ट
श्री शिवे ओड
श्री कल्पना विश्वकर्मा
श्री सोनलाल दमाई
श्री सुनिता सुनी
श्री बसन्ती ठकुराठी
श्री भद्रा दमाई
श्री हर्ष बहादुर रोका

प्रस्ताव नं. १. यातायात गुरुयोजना सम्बन्धमा

प्रस्ताव नं २ कोभिड सम्बन्धमा

निर्णय नं. १ प्रस्ताव नं १ मा छलफल गर्दा भागेश्वर गाँउपालिकाको यातायात गुरुयोजना निर्माण सम्बन्धमा भएको निर्णय बमोजिम उक्त कार्यका लागि आवश्यक खर्च गाउँपालिकाको आ.व. २०७८।७९ मा स्वीकृत आवधिक योजना निर्माण कार्यक्रम अन्तरगत छुट्याइएको बजेट खर्च बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ मा छलफल गर्दा कोभिड-१९ को अवस्था शत वर्ष मै दोहरिन सक्ने संभावना रहेकोले पूर्व तयारीका कार्यक्रम संचालन र वडा वस्तीमा व्यापक प्रचार प्रसार गर्ने स्वास्थ्य संस्था एवं प्रहरी

परिचालन गर्ने निर्णय गरियो ।

आज मिति २०७८ साल वैशाख १७ गतेका दिन भागेश्वर गाउँ पालिका गाउँ कार्यपालिकाको बैठक भागेश्वर गाउँपालिकाका अध्यक्ष श्री कौशिला कुमारी भट्टको अध्यक्षतामा बस्यो। बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहयो।

उपस्थिति

श्री कौशिला कुमारी भट्ट
श्री पम बहादुर बोहरा
श्री रुपसिंह ठकुराठी
श्री राजेन्द्र बोहरा
श्री राम ब० थापा
श्री रतन बहादुर विष्ट
श्री बसन्त राज भट्ट
श्री शिव ओड
श्री शिव ओड
श्री कल्पना सिकर्मी
श्री सुनिता सुनी
श्री बसन्ती ठकुराठी
श्री मदना दमाई
श्री हर्ष बहादुर रोका

प्रस्तावहरु:

१- म ले प प्रतिवेदनमा छलफल
२- सरवा सहमती सम्बन्धमा
३- ठेक्का को म्याद थप सम्बन्धमा
४- स्टीमेट संसोधन सम्बन्धमा

निर्णय नं १ प्रस्ताव नं १ मा छलफल हुदा आ.वं २०७६।०७७ को लेखपरीक्षण को प्रारम्भीक प्रतिवेदन उपर छलफल भयो सो छलफलको क्रममा मलेप प्रतिवेदन २०७६।७७ को तपसिल का बुदाहरुमा देहाय बमोजिम गरी बेरुजु फछर्यौट गर्ने निर्णय गरियो।

तपसिल
१ मुद्दा नं ३१, ३३, ४३, ५६, ६० को खर्च समर्थन गरिएकोले बेरुजु फर्छ्यौटका लागी महालेखा परिक्षक ~~ज्यू~~ को कार्यालयलाई अनुरोध गर्ने

२- मुद्दा नं. ५१, ५२.२, ५५ को विभिन्न सडकको असुल उपर हुने रकम बराबरको थपकाम गराई प्राविधिक प्रतिवेदन तयारपारि बेरुजु फर्छ्यौटका लागि कागजात तयार गर्ने ।

३-

निर्णय नं. २ प्रस्ताव नं २मा छलफल हुँदा तपसील बमोजिमका कर्मचारी हरुले सरुवा सहमती माग गरेको हुँदा सरुवा मै जाने र सरुवा मै आउने साथ सहमति दिने निर्णय गरियो।

| | | |
|---|---|---|
| १- हेमलाल राना | - सहायक पाँचौ | सरुवा मै जाने |
| २- लक्ष्मी कुमारी सिंह | - सहायक चौथो | सरुवा मै जाने |
| ३- कुम्भराज डाँगी | - आ.ले.पा.पाँचौ | सरुवा मै आउने |
| ४- कुलु रैसवाल | - सि.म.वि.टि. | सरुवा मै जाने |

निर्णय नं ३ विभिन्न ठेक्काहरुको म्याद समाप्त भएको हुँदा म्याद थपका लागि पेश भएको विषयमा छलफल हुँदा तपसिल बमोजिमका ठेक्काहरुको नियमानुसार म्याद थप गर्ने निर्णय गरियो।
१) युसव कन्स्ट्रक्सन.
२) नागार्जुन कन्स्ट्रक्सन भागेश्वर -१ ठे.नं. BRM/DAD/NCB/works/076/77/4 - २०७८/२/२६
३).
४)
५)

निर्णय नं. ४ प्रस्ताव नं. ४ मा छलफल हुँदा रुपाल गुनथला दुनी बलकाँडे दुनालेक शीर्ष सडकको उ.स. ले मिति २०७७/१२/१६ गतेको उपर जाँच बुझ गर्न गा.पा. अध्यक्ष सहितको टोलीको स्थलगत अध्ययन र साइट इन्चार्जको प्राविधिक प्रतिवेदन समेतको आधारमा बुझ्दा सो सडकमा पूर्वानुमान गरिएको भन्दा बढी कडा ~~चट्टान~~ चट्टान लागेकोले प्राविधिक प्रतिवेदन बमोजिमको सडक खन्ने कार्य प्रति घनमीटर रु ४५३.०३ कायम गरी इष्टमेट संसोधन गरी कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ५ आर्थिक सहायता का विषयमा परेका निवेदन उपर छलफल हुँदा तपसिल बमोजिम का व्यक्ति हरुको आर्थिक सहायता दिने निर्णय गरियो। उक्त रकम विपद कोष बाट दिने।

१- देवराज पन्त वडा नं. ४ उपचार खर्च. रु ५०,०००।- पचास

२- अशोक भट्टको छोरा संजय भट्ट ४ उपचार खर्च रु २५,०००।- पच्चिस

३- नरेश भंडै वडा नं २ क्यान्सर उपचार खर्च रु २०,०००।- बीस

४- विनोद दमाई वडा नं ४ उपचार खर्च रु. ५०००।- पाँच

५- ठगी दमाई वडा नं २ उपचार खर्च रु. १०,०००।- दश

६- दामोदर ~~सार्की~~ जोशी वडा नं. ५ उपचार खर्च रु. १०,०००। दश

आज मिति २०७८ साल जेष्ठ २५ गतेका दिन भागेश्वर गाँउपालिकाको गाँउ कार्य समितिको बैठक भागेश्वर गाँउपालिकाको का अध्यक्ष श्री कौशिला कुमारी भट्टज्यू को अध्यक्षतामा बस्यो। बैठकको उपस्थित र निर्णय देहाय बमोजिम रहयो।

श्री कौशिला कुमारी भट्ट -
श्री पद्म बहादुर बोहरा -
श्री रुपसिंह ठकुराठी -
श्री रजेन्द्र बोहरा -
श्री राम बहादुर शाही -
श्री बसन्तराज भट्ट -
श्री सोनलाल दमाई
श्री शिवे ओड
श्री सुनिता सुनी
श्री कल्पना सिकर्मी
श्री बसन्ती ठकुराठी
श्री मदना दमाई
श्री रत्न बहादुर बिष्ट
श्री हर्ष बहादुर रोका

प्रस्ताव ६७

१- गाँउ सभाको मिति सम्बन्धमा
२- विद्यालयलाई अनुदान सम्बन्धमा
३- गोविन्दपुरी मा. वि. लालिकाण्डेपको परखाल निर्माण सम्बन्धमा
४- प्रकोप व्यवस्थापन कोषमा रकम विनियोजन सम्बन्धमा
५- जेष्ठ मसान्त सम्मको खर्च अनुमोदन सम्बन्धमा
६- प्रस्तावना स्वीकृत सम्बन्धमा
७- विविध

निर्णय नं. १ प्रस्ताव नं. १ मा छलफल गर्दा भागेश्वर गाउँपालिकाको नवौं गाउँ परिषद २०७८ साल असार १० गते मिति नीति तथा कार्यक्रम प्रस्तुत गरि र सोको तयारीका लागि कोभिड-१९ दोस्रो लहरले समस्या रहेको हुँदा स्वास्थ्य सुरक्षाका नीति अवलम्बन गरी कार्य सञ्चालन गर्ने र १० गते मिति आ.व. २०७८।०७९ को बजेट तथा कार्यक्रम गाउँसभामा पेश गर्ने निर्णय ~~सर्वसम्मतिले पारित गरियो।~~

निर्णय नं २ प्रस्ताव नं. २ मा छलफल गर्दा आ.व. २०७७।०७८ अन्तरगत अंग्रेजी गणित र विज्ञान विषयको शिक्षक व्यवस्थापनका लागि शिक्षण सिकाइ अनुदान कार्यक्रमको थप ६ महिनाको तलब भत्ता तपसिल बमोजिमका विद्यालयहरुलाई निकासा दिने निर्णय गरियो।

१- भागेश्वर आ.वि. लौकुडा (आ.वि. शिक्षक)
२- शिवशंकर मा.वि. रुपालिगाड (मा.वि. शिक्षक)
३- केलपाल मा.वि. पत्रम (मा.वि. शिक्षक)

निर्णय नं. ३ प्रस्ताव नं ३ मा छलफल गर्दा गोविन्दपुरी मा.वि. लामीकाण्डेको पर्खाल निर्माणको रकम रु २,६६,०००। भुक्तानी दिने निर्णय गरि

निर्णय नं. ४ आ.व. २०७५।७६ मा जेष्ठ नागरिकहरुका लागि न्यानो लुगा खरिद मध्येको बाँकी भुक्तानी गर्न बाकी रु २,६०,०००। भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं ५ प्रस्ताव नं ४ मा छलफल गर्दा प्रकोप व्यवस्थापन कोषमा आन्तरिक आम्दानी बाट रु २५,००,०००।- पाँच्यसलाख बिनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ६ प्रस्ताव नं ५ मा छलफल गर्दा भागेश्वर गाउपालिकाको जेष्ठ मसान्त सम्मको खर्च तथा आय रकम अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

निर्णय नं ७ प्रस्ताव नं. ६ मा छलफल गर्दा मिति २०७७।११।२१ गते को कार्यपालिकाको निर्णयानुसार निर्णय नं १३ मा उल्लेख भएका कार्यका लागि पेश भएका तपसिल बमोजिम प्रस्तावनाहरु स्वीकृत गर्ने निर्णय गरियो।

१) रिमा इन्भाइरमेन्ट एण्ड इन्जिनियरिङ सर्भिसेज प्रा.लि.
२) पैसीक कन्सल्ट्यान्स प्रा.लि.
३) आइसिस इन्जिनियरिङ कन्सल्ट्यान्ट प्रा.लि.
४) के. एस. इन्जिनियरिङ कन्सल्ट्यान्सी प्रा.लि.
५) सुगम डेभलपमेन्ट एण्ड सप्लायर्स

आज मिति २०७८ साल असार ६ गतेका दिन भागेश्वर गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री कौशिला कुमारी भट्ट ज्यू को अध्यक्षता बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रह्यो ।

उपस्थिति

श्री कौशिला कुमारी भट्ट
श्री पद्म बहादुर बोहरा
श्री रुप सिंह ठकुराठी
श्री राजेन्द्र बोहरा
श्री राम बहादुर थापा
श्री रत्न बहादुर विष्ट
श्री बसन्त राज भट्ट
श्री सुनीता सुकी
श्री मदना दमाई
श्री शिवे ओड
श्री सोनलाल दमाई
श्री बसन्ती ठकुराठी
श्री कल्पना विश्वकर्मा
श्री हर्ष बहादुर शोभा ·

प्रस्ताव हरु

१) स्थानीय तह संस्थागत स्व मूल्यांकनको प्रतिवेदन सम्बन्धमा।
२)
३)

~~निर्णय नं. १~~

निर्णय ९६

निर्णय नं. १ प्रस्ताव नं. १मा छलफल गर्दा यस गाउँपालिकाको आ.व.२०७८।
को अहिलेसम्मको कार्यको तोकिएको फर्मेटमा राखी कम्प्युटरमा प्रविष्ट
प्राप्त हुन आएको नतीजा ४६.५% प्राप्त हुन आएकोले उक्त नतीजा
अनुमोदन गर्ने र आगामी वर्ष १००% पुर्याउन ऐन नीयमको परि
भित्र रही प्रभावकारी रुपमा कामकाज गर्ने निर्णय सर्वसम्मतिले पा
गरियो।